# कटहरी गाउँपालिका

## स्थानीय राजपत्र

| खण्ड ९ | संख्या १ | मिति २०८३/०४/२२ |
|---|---|---|

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

## भाग २

## सम्बत् २०८३ सालको कार्यविधि

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

# कटहरी गाउँपालिकाको कर्मचारीहरूलाई सञ्चार सुविधा (मोबाइल/सञ्चार खर्च) उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मिति २०८३/०४/२२

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

**प्रस्तावना**

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको कार्यालय प्रमुख विभिन्न शाखामा कार्यरत रहने शाखा प्रमुख, वडा सचिव तथा प्राविधिक कर्मचारीहरूले आ–आफ्नो पदीय जिम्मेवारी निर्वाह गर्दा कार्यालयको सूचना आदानप्रदान, समन्वय, अनुगमन, सेवाग्राहीसँगको सम्पर्क र सेवा प्रवाहलाई थप चुस्त, प्रभावकारी र समयमै सम्पन्न गर्नका लागि नियमित सञ्चार (टेलिफोन/मोबाइल) सुविधा अपरिहार्य रहेको हुँदा, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनले गाउँ कार्यपालिकालाई प्रदान गरेको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको कार्यालयले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "कटहरी गाउँपालिका सञ्चार सुविधा (टेलिफोन-मोबाइल खर्च) सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२.परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "गाउँपालिका" भन्नाले कटहरी गाउँपालिका सम्झनु पर्छ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले कटहरी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "कार्यालय प्रमुख" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(घ) "शाखा प्रमुख" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत रहेका विभिन्न शाखाहरूको नेतृत्व गर्ने जिम्मेवारी पाएका अधिकृत-कर्मचारी सम्झनु पर्छ।

(ङ) "वडा सचिव" भन्नाले गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरूमा वडा सचिवको रूपमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

अध्यक्ष प्रमुख प्रशासकीय अधिकृत

(च) "सूचना अधिकारी" भन्नाले गाउँपालिकाबाट सूचनाको हक सम्वन्धी ऐन बमोजिम तोकिएको सूचना अधिकारी पदमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(छ) "प्राविधिक कर्मचारी" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय वा वडा कार्यालयमा इन्जिनियरिङ्, कृषि, पशु सेवा लगायतका प्राविधिक सेवा-समूहमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(ज) "सञ्चार सुविधा" भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने मासिक टेलिफोन-मोबाइल खर्च सुविधा सम्झनु पर्छ।

## परिच्छेद – २
## सञ्चार सुविधा सम्बन्धी व्यवस्था

### ३. सञ्चार सुविधा पाउने पदाधिकारी-कर्मचारी:

देहायका पदाधिकारी-कर्मचारीहरूले यस कार्यविधि बमोजिम मासिक सञ्चार सुविधा पाउनेछन्:

(क) गाउँ कार्यपालिकाको कार्यालयका कार्यालय प्रमुख।

(ख) गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका शाखा प्रमुखहरू।

(ग) सूचना अधिकारी।

(घ) गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूमा कार्यरत प्राविधिक कर्मचारीहरू।

### ४. सुविधाको दर:

सञ्चार सुविधा बापत देहाय बमोजिमको मासिक दरमा रकम उपलब्ध गराइनेछ:

| सि.नं. | पद / श्रेणी | मासिक सञ्चार सुविधा दर (रु.) |
|---|---|---|
| १ | कार्यालय प्रमुख (प्रमुख प्रशासकीय अधिकृत) | रु. २,०००।– |
| २ | शाखा प्रमुख (सबै शाखाहरू) | रु. १,५००।– |
| ३ | वडा सचिव (सबै वडा कार्यालय) | रु. १,५००।– |
| ४ | प्राविधिक कर्मचारीहरु इन्जिनियरिङ् | रु. ५,००।– |
| ५ | सूचना अधिकारी | रु.१,५००।– |

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

### ५. भुक्तानी प्रक्रिया:

(क) यो सुविधा सम्बन्धित कर्मचारीले सो पदमा बहाल रही काम गरेको अवधिभर मात्र पाउनेछन्।

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ख) उक्त रकम प्रत्येक महिना सम्बन्धित कर्मचारीको तलब भुक्तानीसँगै वा छुट्टै रूपमा लेखा शाखाको सिफारिसमा कार्यालय प्रमुखको स्वीकृति लिई भुक्तानी गरिनेछ।

(ग) कुनै महिनामा १५ (पन्ध्र) दिनभन्दा कम अवधि पदमा बहाल रहेमा वा सोही अवधि बिदा-काजमा रहेमा त्यस महिनाको सुविधा दिने वा नदिने विषयमा कार्यालय प्रमुखले निर्णय गर्न सक्नेछ।

(घ) एकभन्दा बढी जिम्मेवारी (कार्यबाहक लगायत) एकैसाथ बहन गर्नुपरेमा तुलनात्मक रूपमा उच्च दर कायम हुने पद अनुसार मात्र एक पटक सुविधा उपलब्ध गराइनेछ।

**६. सर्त तथा बन्देजहरू:**

(क) यो सुविधा सम्बन्धित पदाधिकारी-कर्मचारीले कार्यालयको आधिकारिक काम– कारवाहीका लागि मात्र प्रयोग गर्नुपर्नेछ।

(ख) यो सुविधा पाउने पदाधिकारी-कर्मचारी कार्यालयको काम– कारवाहीका लागि सधैं सम्पर्कयोग्य रहनुपर्नेछ।

(ग) सरुवा, अवकाश, राजीनामा वा अन्य कुनै कारणले पद रिक्त भएमा सोही मितिदेखि यो सुविधा स्वतः बन्द हुनेछ।

(घ) झुट्टा विवरण वा गलत आधारमा सुविधा लिएको पाइएमा नियमानुसार असुल उपर गरी प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

## परिच्छेद – ३

## विविध

**७. बजेट व्यवस्था:** यस कार्यविधि बमोजिम उपलब्ध गराइने सञ्चार सुविधा वापतको रकम गाउँ कार्यपालिकाको कार्यालयको चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको सञ्चार खर्च शीर्षकवाट व्यहोरिनेछ।

**८. अभिलेख तथा अनुगमन:**

यस कार्यविधि बमोजिम सुविधा पाउने पदाधिकारी-कर्मचारीको अद्यावधिक विवरण प्रशासन शाखाले राखेछ र यसको कार्यान्वयनको समग्र अनुगमन कार्यालय प्रमुखले गर्नेछ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

९. बाधा अड्काउ फुकाउने अधिकार:

यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न गएमा गाउँ कार्यपालिकाले सो फुकाउन सक्नेछ।

१०. संशोधन:

यस कार्यविधिमा आवश्यकता अनुसार गाउँ कार्यपालिकाको बैठकबाट संशोधन वा परिमार्जन गर्न सकिनेछ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

(सञ्चार सुविधा दाबी निवेदनको नमूना)

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, मोरङ ।

विषयः मासिक सञ्चार सुविधा भुक्तानी सम्बन्धमा।

महोदय,

म कटहरी गाउँपालिका सञ्चार सुविधा (टेलिफोन-मोबाइल खर्च) सम्बन्धी कार्यविधि, २०८३ को अधिनमा रही निम्न अनुसारको पदमा कार्यरत कर्मचारीहरुको मासिक रुपमा कार्यालयको कामकाजका लागि सन्चार खर्च मिति ............. देखि ............. सम्मको महिनाको भुक्तानीको सञ्चार सुविधा बापतको रकम भुक्तानी पठाउन अनुरोध गर्दछु।

.....................
प्रशासन प्रमुख
कटहरी गाउँपालिका

तपसिल

| क स | नाम थर | पद | शाखा/वडा | मोबाइल नं | सन्चार खर्च रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

........................................ ........................................

देवराज चौधरी
अध्यक्ष
कटहरी गाउँपालिका

प्रमोद कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत
कटहरी गाउँपालिका